# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
चन्द्रनिगाहपुर, रौतहट
२ नं. प्रदेश, नेपाल


प.स. २०७७।०७८
च.नं.

मिति : २०७७।०६।१६

सूचना । सूचना ॥ सूचना ॥।

**विषय : पशु पंक्षी फार्म दर्ता वारेको सूचना ।**

चन्द्रपुर नगरपालिकाको स्विकृत **पशुपंक्षी तथा मत्स्य फार्म दर्ता निर्देशिका २०७६** अनुसार यस चन्द्रपुर नगरपालिका क्षेत्र भित्र पशु पंक्षी पालन गर्ने कृषकहरुको लागि मिति २०७७ साल असोज १६ गते देखि लागू हुने गरि फार्म दर्ता खुल्ला गरिएको हुदा चन्द्रपुर नगरपालिका पशु सेवा शाखा चन्द्रनिगाहपुरमा सम्पर्क गरि फार्म दर्ता गराउनु हुन हार्दिक अनुरोध गर्दछौ ।

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. नागरिकताको फोटोकपि थान १
२. वडाको सिफारिस थान १
३. सम्वन्धित सेवा केन्द्रको सिफारिस १
४. अन्यत्र दर्ता भएको भए सो को फोटो कपि
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
६. फार्ममा रहेको पशु पंक्षि संख्या : माउ .................. अन्य ............. जम्मा :....................

पशु पंक्षी संख्या लगायतको थप जानकारीको लागि शाखाको सूचना पार्टी तथा पशु सेवा शाखा चन्द्रनिगाहपुरको फेसवुक पेजमा समेत राखिएको छ ।

**खडक कुमार मैनाली**
**पशु विकास अधिकृत (आठौ)**

**(८) व्यवसायिक बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागि पाँच वा सो भन्दा बढी माउ बंगुर पाल्ने व्यवसायी वगुर फार्म दर्ता गरिने छ । मासु उत्पादनको हकमा १५ वा सो भन्दा बढी बंगुर पाल्ने कृषक व्यवसायिकहरुको व्यवसायीक फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| **तालिका नं. ५ : व्यवसायीक बंगुर फार्म( पाठापाठी) को लागि** | | |
|---|---|---|
| फार्मको बर्गिकरण | माउँ बंगुरको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि ३० सम्म | |
| ठुला | ३० भन्दा माथी | |

| **तालिका नं. ६ : व्यवसायीक बंगुर फार्म(मासु) को लागि** | | |
|---|---|---|
| फार्मको बर्गिकरण | बंगुर संख्याको | |
| साना | १५ देखि ४५ सम्म | |
| मझौला | ४६ देखि ६० सम्म | |
| ठुला | ६१ भन्दा माथी | |

**(९) व्यवसायिक कुखुरा फार्म :**

एक पटकमा २०१ वा सो भन्दा बढी कुखुरा पाल्ने व्यवसायिकहरुको कुखुरा फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. ७ : लेयर्स,ब्राईलर,प्यारेन्टको फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | बंगुर संख्याको | |
| साना | २०१ देखि १००० सम्म | |
| मझौला | १००१ देखि ५००० सम्म | |
| ठुला | ५००१ देखि १०,००० सम्म | |

| तालिका नं. ८ : व्यवसायीक पाडा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | पाडाको संख्या | |
| साना | २० देखि ५० सम्म | |
| मझौला | ५१ देखि १०० सम्म | |
| ठुला | १०१ भन्दा माथी | |

**(१०) व्यवसायिक मत्स्य फार्म :**

व्यवसायीक मत्स्य फार्मको हकमा संघिय तथा प्रादेशित कार्यविधि अनुसार दर्ता गरिने छ ।

परिच्छेद-२

## फार्म दर्ताका आधारहरु,

### व्यवसायीक पशुपंक्षी फार्म

**(४) व्यवसायीक गाई फार्म :**

कम्तिमा पाँच वा सो भन्दा बढी दुधालु गाई पाल्ने व्यवसायीहरुको व्यवसायीक गाई फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. १ व्यवसायीक गाई फार्म | | |
|---|---|---|
| फार्मको बर्गिकरण | दुधालु गाईको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि ३० सम्म | |
| ठुला | ३१ भन्दा माथी | |

**(५) व्यवसायीक भैंसी फार्म :**

कम्तिमा पाँच वा पाँच भन्दा बढी दुधालु भैंसी पाल्ने व्यवसायिहरुको व्यवसायीक भैसी फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. २ : व्यवसायीक भैंसी फार्म | | |
|---|---|---|
| फार्मको बर्गिकरण | भैंसीको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि ३० सम्म | |
| ठुला | ३० भन्दा माथी | |

**(६) व्यवसायिक बाखा फार्म :**

वीस वा सो भन्दा बढी प्रजन्न योग्य माउ बाखा पाल्ने व्यवसायिक वाखा पालन फार्म दर्ता गरिनेछ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. ३ : व्यवसायीक बाखा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | प्रजन्न योग्य माउ बाखाको संख्या | |
| साना | २० देखि ५० सम्म | |
| मझौला | ५१ देखि १०० सम्म | |
| ठुला | १०१ भन्दा माथी | |

**(७) व्यवसायिक भेडा फार्म :**

बिस वा सो भन्दा बढि प्रजन्न योग्य माउ भेंडा पाल्ने व्यवसायिक वाखा पालन फार्म दर्ता गरिनेछ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. ४ : व्यवसायीक भेडा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | प्रजन्न योग्य माउ बाखाको संख्या | |
| साना | २० देखि ५० सम्म | |
| मझौला | ५१ देखि १०० सम्म | |
| ठुला | १०१ भन्दा माथी | |